# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड९) जनकपुरधाम, नेपाल, भाद्र १२ गते, २०८२ साल (संख्या७


भाग २

मधेश प्रदेश सरकार

गृह,सञ्चार तथा कानुन मन्त्रालय

## प्रदेश सञ्चार (दोश्रो संशोधन) नियमावली, २०८२

प्रदेश सञ्चार नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ को

दफा ७० ले दिएको अधिकार प्रयोग गरी  मधेश प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ : (१)  यस नियमावलीको नाम **"प्रदेश सञ्चार (दोस्रो संशोधन) नियमावली, २०८२"** रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२ **मुल नियमावली को नियम ५ मा संशोधनः** प्रदेश सञ्चार नियमावली, २०७७ (यसपछि "मुल नियमावली" भनिएको) को नियम ५ को उपनियम १ को खण्ड (ज) पछि देहायको (ज१) र (ज२) खण्डहरु थपिएको छ।

"(ज१) पत्रकारिता पुरस्कार, पत्रकारिता अध्ययन छात्रवृति, प्रोत्साहन, भाषिक पत्रकारिताको विकास गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(ज२) प्रदेश सरकारले सरकारी तथा सार्वजनिक निकायबाट प्रकाशित सामग्री र सूचना सङ्कलन भण्डारण, प्रशोधन र वितरणगरी नागरिकहरुलाई उपलब्ध गराउन सूचना बैंकको स्थापना गर्ने,"

३ मुल नियमावलीको नियम ७ मा संशोधनः  मुल नियमावलीको नियम ७ को उपनियम (१) मा देहायको "ज" थप गर्ने,

"(ज) आमसञ्चार माध्यम (रेडियो,टि.भी,अनलाइन र पत्रपत्रिका) स्थापना तथा नियमण गर्ने।"

४ **मुल नियमावलीको नियम १६ मा संशोधनः** मुल नियमावलीको नियम १६ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ ।

"(४) उपनियम (३) बमोजिमको अवधिभित्र नविकरण नगराएमा पत्रपत्रिका तथा अनलाईन सञ्चार माध्यमको नवीकरण गरीने छैन।"

५ **मुल नियमावलीको नियम २८ मा संशोधनः** मुल नियमावलीको नियम २८ को उपनियम (३) को सट्टा देहाय को उपनियम (३) राखिएको छ।

"(३) प्रचलित कानुन बमोजिम ईजाजत पत्र पाएकाले प्रदेश भित्र समाचार सङकलन गर्न पाउनेछन्।तर प्रदेश सरकारबाट सेवा सुविधा प्राप्त गर्न प्रदेशमा पत्रकारिता गरेको र प्राधिकरणमा समेत सुचिकृत भएको हुनुपर्नेछ।"

६ **मुल नियमावलीको अनुसुची १ मा संशोधन :** मुल नियमावलीको अनुसुची १ को सट्टा देहायको अनुसूची १ राखिएको छ।

## अनुसूची -१

(नियम ९ को उपनियम (१), नियम २१ को उपनियम १ र नियम ३२ को उपनियम १ सँग सम्बन्धित)

## आम सञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डको संगठन संरचना

| क्र.स. | पद, विवरण | सेवा/ समूह | श्रेणी/तह | संख्या |
|---|---|---|---|---|
| १ | प्रशासकिय प्रमुख | प्रशासन/सामान्य प्रशासन | अधिकृतस्तर नवौं/दशौं | १ |
| २ | शाखा अधिकृत | प्रशासन/सामान्य प्रशासन | अधिकृतस्तर सातौं/आठौं | १ |
| ३ | इलेक्ट्रोनिक्स एण्ड कमुनिकेसन इन्जिनियरआइटी / अफिसर | विविध | अधिकृतस्तर छैठौं | १ |
| ४ | नायब सुब्बा | प्रशासन/सामान्य प्रशासन | चौथौ/पाचौं | १ |
| ५ | कम्प्युटर अपरेटर | विविध | चौथौ/पाचौं | १ |

| | | | | |
|---|---|---|---|---|
| ६ | फोटो ग्राफर | विविध छविकला | पाचौं | १ |
| ७ | लेखापाल | लेखा/ प्रशासन | चौथौ/पाचौ | १ |
| ८ | ह.स.चा | विविध | श्रेणीविहिन | १ |
| ९ | कार्यालय सहयोगी | विविध | श्रेणीविहिन | २ |

**नोटः-** क.स.३ मा उल्लेखित इलेक्ट्रोनिक्स एण्ड कमुनिकेसन इन्जिनियर/आइटी अफिसर र क.स. ६ मा उल्लेखित फोटो ग्राफर पद आम सञ्चार प्राधिकरणको हकमा मात्र लागु हुनेछ।

७ **मुल नियमावलीको अनुसुची ७ मा संशोधनः** मुल नियमावलीको अनुसुची ७ पछि देहायको तालिका विवरण थप गर्ने।

| क.स | नवीकरण गरेको मिति | नवीकरण कायम रहेको अवधी | नवीकरण गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

८ **मुल नियमावलीको अनुसूची ९ मा संशोधनः** मुल नियमावलीको अनुसुची-९ पछि देहायको तालिका विवरण थप गर्ने।

| क्र.स. | आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

९ **मुल नियमावलीको अनुसूची १२ मा संशोधनः** मुल नियमावलीको अनुसुची १२ को सट्टा देहायको अनुसूची-१२ राखिएको छ ।

अनुसूची-१२

(नियम ३३ उपनियम १ सँग सम्बन्धित)

**(प्रदेश आम सञ्चार प्रधिकरण, मिडिया काउन्सिल र चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डका पदाधिकारीहरुको पारिश्रमिक तथा सेवा सुविधा)**

| क्र.सं. | सुविधाको किसिम | ईकाइ दर | अध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १ | पारिश्रमिक | मासिक | प्रदेश सचिवको सुरु तलब स्केल सरह | - |

| | | | | |
|---|---|---|---|---|
| २ | सवारी | संख्या | प्रदेश सचिव सरह | - |
| ३ | यातायात खर्च | प्रति महिना रु. | - | १५,०००।- |
| ४ | डिजल | प्रति महिना | प्रदेश सचिव सरह | - |
| ५ | मोविल र ब्रेक आयल | त्रैमासिक | प्रदेश सचिव सरह | - |
| ६ | सञ्चार खर्च | प्रति महिना रु. | प्रदेश सचिव सरह | ४०००।- |
| ७ | बैठक भत्ता | प्रति बैठक रु. | प्रदेश सचिव सरह | १,५००।- |
| ८ | अतिथि सत्कार | प्रति महिना रु. | प्रदेश सचिव सरह | १०,०००।- |
| ९ | चाडपर्व खर्च | वार्षिक रु. | प्रदेश सचिव सरह | २५,०००।- |
| १० | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | प्रदेश सचिव सरह | २,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ११ | हलुका सवारी चालक को वापत रकम | प्रति महिना रु | प्रदेश सचिव सरह | - |

**नोटः** १) बैठक प्रति महिना बढिमा चार पटक मात्र बस्न सक्नेछ।

स्वीकृत मितिः- २०८२।०५।०४

**आज्ञाले,**
**विमलप्रसाद बराल**
**प्रदेश सचिव**
**गृह,सञ्चार तथा कानुन मन्त्रालय**